**वीरेन्द्रनगर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**वीरेन्द्रनगर, सुर्खेत**

**मिति २०७८/१०/१६ गतेको १२२ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १.** यस अघिका कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन अवस्था बारे बैठकलाई जानकारी गरियो ।

**निर्णय नं. २.** यस वीरेन्द्रनगर नगरपालिकाको चालु आर्थिक वर्ष २०७८।७९ को अर्धवार्षिक समिक्षा तथा दशौ नगरसभा देहायको मिति समय र स्थानमा कोभिड संक्रमण सुरक्षाको मापदण्ड पालना गरि संचालन गर्ने निर्णय गरियो ।

**देहाय**

(क) दशौ नगरसभा

मिति : २०७८।११।६ र ७ गते

समय : १२:३० बजे

स्थान : नगरपालिका सभाहल

(ख) अर्धवार्षिक समिक्षा

मिति : २०७८।१०।२६ र २७ गते

समय : १२:३० बजे

स्थान : नगरपालिका सभाहल

**निर्णय नं. ३.**नगरपालिकाका केही वडा समितिहरुबाट चालू आर्थिक वर्ष २०७८।७९ का लागि स्वीकृत योजनाहरु संशोधनका लागि कार्यपालिकामा पेश हुन आएको सन्दर्भमा २०७८ माघ २५ गते भित्र सम्बन्धीत विषय क्षेत्र भित्रका आयोजन तथा कार्यक्रम संशोधन गर्नुपर्ने निर्णय भई आएमा वडाको सिफारिसमा कार्यालयले शंसोधन गरि अघि बढाउने विषयगत क्षेत्र भन्दा बाहिर शंसोधन गर्नुपर्ने भएमा सो को सूचि र कार्य संशोधित आयोजनाहरुको एकिकृत सूचि आगामी नगरसभा समक्ष अनुमोदनका लागि पेश गर्ने ।

**निर्णय नं. ४. (क)** वीरेन्द्रनगर नगरपालिका वडा न १४ मा चालू आर्थिक वर्ष २०७८।०७९ मा कर्णाली प्रदेश सरकारको समपुरक अनुदान अन्तरगतको छेडा बयलकाँडा सडक निर्माण कार्य टेण्डर भै निर्माणका लागि सम्झौता समेत भएको अवस्थामा १४ नं वडा कार्यालयवाट टेण्डर भै घटेको रकमको पुन टेण्डरको प्रकृया अगाडी बढाई दिन अनुरोध भै आएको सन्दर्भमा प्रदेश सरकार सँग सहमति लिइ घटेको रकमको सोही सडकको बाँकी निर्माण कार्य गर्न टेण्डरको प्रकृया अगाड वढाउने साथै चालू आर्थिक वर्षमा प्रदेश सरकारवाट हस्तारित विभिन्न वडामा ठेक्कावाट संचालित आयोजनाहरुको समेत घटेको रकमको सम्वन्धित आयोजनाको बाँकी कार्य गर्ने गरि स्वीकृति लिई वडा समितिवाट सिफारिस भए बमोजिमको प्रकृयावाट संचालन गर्ने ।

**(ख)** वीरेन्द्रनगर नगरपालिका वडा नं ८ मा गत आर्थिक वर्ष ०७७।७८ वाट चालू आ व ०७८।७९का लागि क्रमागत भएको शिक्षक संगठन अगाडीको सडक कालो पत्रे आयोजनामा क्रमागत रु ८६२९९९। गर्नु पर्नेमा सभावाट स्वीकृतिका क्रममा रु ७०००००। मात्र क्रमागत भएको सन्दर्भमा हाल सो योजना सम्पन्न भै योजना अनुगमन समितिवाट समेत अनुगमन भएको र प्राविधिक मूल्यांकन बमोजिम सो को नगरपालिकावाट रकम रु ७९८०००। भूक्तानिका लागि सिफारिश भएकोमा सो आयोजनाको लागि नपुग रकम रु ९८०००। भूक्तानिका लागि आगामी नगर सभामा लगि संचीत कोषवाट थप ब्ययभार हुने गरि खर्च लेख्ने ।

**(ग)** गत आर्थिक वर्ष २०७७।७८ मा मिति २०७८ वैशाख २६ गते यस कार्यालयमा संझौता भएको वडा नं १६ को वडा गौरव अन्तरगतको तिन घरे भित्रि खोला सानिलेख आयोजना उक्त आ व मा सम्पन्न हुन नसकेको हुंदा उक्त आयोजनाको रकम रु १३ लाख संचित कोषमा फिर्ता भएको र सो आयोजनालाइ चालू आर्थिक वर्ष ०७८।७९ वजेटमा क्रमागत सूचीमा समेत राख्न छुटेको सन्दर्भमा वडा समितिले सो आयोजनालाई क्रमागत सूचिमा राखी सम्झौता बमोजिमको कार्य सम्पन्न गरि दिन अनुरोध गरेकोमा

सो आयोजनालाई चालू आर्थिक वर्षको बजेटवाट भुक्तानि दिन कठीन भएको हुंदा सो आयोजनालाई क्रमागत आयोजनाका रुपमा कायम गरि सोका लागि संचित कोषमा ब्ययभार हुने गरि बजेट ब्यवस्थापन गर्न नगर सभामा पेश गर्ने।

**(घ)** यस नगरपालिकाको फोहर प्रशोधन केन्द्र ल्याण्डफील साइटमा SNV को सहयोगमा दीशा जन्य लेदो ब्यवस्थापन प्लान्ट निर्माण भै यस नगरपालिकालाइ हस्तारण समेत भएकाले सो संचालन ब्यवस्थापन कार्यविधि नवन्दा सम्म देहाय बमोजिम प्रकृयावाट सो को संचालन तथा ब्यवस्थापन गर्ने ।

**देहाय**

१. फोहर ब्यवस्थापन स्थल र प्लान्ट संरक्षण तथा संचालनका लागि कार्यालयवाट वडा नं १ कार्यालय संग समन्वय गरि स्थानिय वासी २ जनालाइ प्लान्ट संचालन र २ जनालाई कृष्ण सामुदायिक वन क्षेत्रको सडक र फोहर ब्यवस्थापन स्थलमा  निजहरुलाइ सहायक सहायक स्तर प्रथम तह सरहका अन्य सहयोगी सेवा करारका कर्माचारी सरहको पारिश्रमिक दिने गरी काममा लगाउंदै आएकोमा सो को समर्थन गर्दे अर्को ब्यवस्थापन नहुंदा सम्म निजहरुलाइ सम्वन्धित कार्यक्रम शिर्षक र चालू तर्फको सरफाई शिर्षकवाट काम लगाएका मिति देखि पारिश्रमिक दिने गरि  काममा लगाउने ।

२. प्लान्ट प्रयोग गर्ने नीजि क्षेत्रवाट प्रति ट्रीप रु ८००। सरसफाइ सेवा तोकी सो को संकलन प्लान्ट संरक्षण,संचालन तथा ब्यवस्थापनमा खटीएका कर्मचारी मार्फत संकलन गरि वडा नं १ कार्यालय मार्फत नगरपालिकाको संचित कोषमा नियमित दाखिला गर्ने ब्यवस्थापन गर्ने  र सो रकम उक्त प्लान्टको संचालन ब्यवस्थापनमा आवश्क्ता अनुसार खर्च गर्ने ।

३. प्लान्ट निर्माण तथा संचालनका क्रममा स्थानियवासी संग कार्यालयले गरेको प्रतिवध्दता बमोजिम स्वच्छकर रुपमा प्लान्ट र फोहरमैला को  ब्यवस्थापन गर्ने ।

**निर्णय नं. ५** यस नगरपालिका क्षेत्र भित्र जडान गरिएका सि सि क्यामरा तथा अप्टिकल फाईबर बिग्रन गई सबै क्यामरा संचालन नभएको तथा मर्मत शिर्षकमा विनियोजित रकम खर्च भईसकेको हुँदा सो मर्मत कार्यको लागि लाग्ने रु ३ लाख रकम उपयुत्त शिर्षकबाट खर्च लेखी सि सि क्यामरा नियमित रुपमा संचालन गर्ने ।

**निर्णय नं. ६** यस नगरपालिका र निजि क्षेत्र क्लिन नेपाल काठमाण्डौ जे भि सुर्खेत तथा ग्रिन सिटी सेनिटेशन सेवा नेपाल बिच फोहर व्यवस्थापनका लागि मिति २०७८ असोजमा सम्झौता  भएकोमा उल्लेखित फर्महरुबाट नगरको सरसफाई व्यवस्थापन सन्तोषजनक नभएको र सो सम्बन्धमा पटक पटक सम्झौता बमोजिम जरिवाना गर्दा समेत सेवामा सुधार नआएकाले यी फर्महरु सँग गरिएको सम्झौता तोडी देहाय बमोजिम नगरको फोहरमैला व्यवस्थापन गर्ने ।

देहाय

१ . प्रत्येक वडाले फोहरमैला व्यवस्थापन कार्यविधि बमोजिम मासिक सेवा शुल्क संकलन गरि नगरपालिकाको संचितकोषमा दाखिला गरि व्यवस्थापन गर्ने ।

२ . २०७८ फाल्गुन १ गते देखी प्रत्येक वडाको भिन्दाभिन्दै फोहर व्यवस्थापन गर्न वडा समितिले सेवा शुल्कले धान्ने गरि साधन तथा कर्मचारी भाडामा लिई वा वडा तहका लागि  छुट्टै निजि क्षेत्र खोजी फोहर संकलनको व्यवस्थापन गर्ने ।

३ . वडा कार्यालयले संकलन गरेको सेवा शुल्कको ५० प्रतिशत नगरपालिकाको चालू तर्फ सरसफाई सेवा शुल्कमा विनियोजित रकम बाट उक्त वडाको सरसफाई व्यवस्थापन गर्न नगरपालिकाले थप अनुदानका रुपमा व्यवस्थापन गर्ने ।

४ . सरसफाई सेवा शुल्क बाट उठेको रकमको सम्बन्धीत वडाले सो को व्यवस्थापनमा खर्च गर्न सक्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. ७** नगरपालिकाको सिटी बसपार्क संचालन तथा व्यवस्थापनका सम्बन्धमा ठेकेदार कम्पनिको तर्फबाट नगरपालिकालाई बुझाउन बाँकी सम्पुर्ण रकम  यथाशिघ्र जम्मा गर्न लगाउने । साथै सटर निर्माणको लागि पूर्व निर्णय बमोजिम कार्यादेश दिने साथै बसपार्क भित्र आवश्यकता अनुसार मर्मत सम्भार स्वंय ठेकेदार कम्पनीबाट गर्न लगाई आगामी समिक्षा बैठक समक्ष सो को प्रगति विवरण पेश गर्न लगाउने ।

**वीरेन्द्रनगर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**वीरेन्द्रनगर, सुर्खेत**

**मिति २०७८/१०/१६ गतेको १२२ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. ८** यस वीरेन्द्रनगर नगरपालिकाले गत आर्थिक वर्ष २०७७।७८ मा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन Local Government Institutional Capacity Self-Assessment (LISA) प्रणाली अन्तर्गत शासकीय प्रवन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद व्यवस्थापन तथा सहकार्य र समन्वय का क्षेत्रहरुमा प्राप्त गरेको कुल अंक ८१.७५ लाई स्वीकृत गरि आगामी नगरसभामा छलफल र अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** वीरेन्द्रनगर नगरपालिकाको स्वास्थ्य सेवा नियमावली २०७७ को दफा (५१) बमोजिमको अनुगमन समितिको मिति २०७८।१०।०९ गतेको प्रतिवेदनका आधारमा देहायका क्लिनिकलाई स्वास्थ्य सेवा स्थापना/ संचालन/ नविकरण तथा स्तरोन्नतिको लागि अनुमति प्रदान गर्ने ।

| क्र स | स्वास्थ्य संस्थाको नाम | ठेगाना | वर्गिकरण | अनुमति |
|---|---|---|---|---|
| १ | प्रमिला प्याथोलोजी क्लिनिक | वी न पा ८ | E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| २ | सिर्जना स्वास्थ्य क्लिनिक | वी न पा ६ | स्वास्थ्य क्लिनिक | नयाँ अनुमति |
| ३ | श्रृजना प्याथोलोजी क्लिनिक | वी न पा ६ | E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ४ | सुवास प्याथोलोजी क्लिनिक | वी न पा ६ | D वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ५ | रम्भादेवी प्याथोलोजी क्लिनिक | वी न पा ४ | E वर्गको ल्याब सेवा | नयाँ अनुमति |
| ६ | डिभाईन स्वास्थ्य तथा प्याथोलोजी क्लिनिक | वी न पा ४ | E वर्गको ल्याब सेवा र स्वास्थ्य क्लिनिक | नयाँ अनुमति |
| ७ | अरविट प्याथोलोजी क्लिनिक | वी न पा ४ | D वर्गको ल्याब सेवा | नयाँ अनुमति |

(ख) यस नगरपालिकाको वडा न. १५ रतुदेवी स्थानमा नयाँ शहरी स्वास्थ्य केन्द्र स्थापनाका लागि माग भई आएको सन्दर्भमा चालु आर्थिक वर्षको लागि वडाबाट रु ५ लाख रकम विनियोजित गरिएको हुँदा सोही बजेटबाट स्थापना तथा संचालन गर्ने र आगामी वर्षमा समेत स्वास्थ्य संस्था व्यवस्थापन खर्च वडा तहबाटै विनियोजन गर्ने ।

(ग) चालु वर्षमा संचालन गर्नुपर्ने सुत्केरी पोषण कार्यक्रम एंव चौधरी समुदायको सिकलसेल एनेमियाको रक्त नमुना परिक्षण कार्यक्रमका लागि बजेट व्यवस्थापनका लागि शाखाबाट माग भई आएकोमा देहाय बमोजिम संशोधन सहित स्वीकृत गर्ने ।

| क्र स | कार्यक्रम | रकम | स्रोत |
|---|---|---|---|
| १ | सुत्केरी आमाहरुका लागि पोषण रकम | ४ लाख | महिला सेनेटरी प्याड कार्यक्रम |
| २ | आमाको माया एप संचालन सम्बन्धी अभिमुखिकरण | १ लाख ५० हजार | महिला सेनेटरी प्याड कार्यक्रम |
| ३ | चौधरी समुदायको सिकलसेल एनेमियाको रक्त नमुना परिक्षण | ३ लाख | आर्युवेदिक कार्यक्रम वैकल्पिक चिकित्सा कार्यक्रम |

(क) कोभिड संक्रमण जोखिम न्यूनिकरणका लागि आवश्यक पर्ने माक्स,सेनेटाईजर लगायतका लागि अत्यावश्यकिय सामाग्री खरिद तथा कोभिड व्यवस्थापन कार्यका लागि खर्च हुने रकम हाललाई कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोषबाट खर्च हुने गरि व्यवस्थापन गर्ने ।

**वीरेन्द्रनगर नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**वीरेन्द्रनगर, सुर्खेत**

**मिति २०७८/१०/१६ गतेको १२२ औ कार्यपालिका बैठकका निर्णयहरु**

**निर्णय नं. १०**

**(क)** किसान सूचिकरण कार्यविधि २०७७ अनुसार यस नगरपालिका क्षेत्र भित्र विद्युतिय प्रणालीबाट किसान पहिचान तथ्याङ संकलनका लागि प्राप्त रकम बाट कार्यविधि बमोजिम सबै वडा भित्र तथ्याङ संकलन गर्ने ।

**(ख)** चालु आर्थिक वर्षमा कृषि तथा पशुंपन्छी विकास मन्त्रालयबाट रैथाने बाली प्रवर्द्धन कार्यक्रमका लागि प्राप्त रकम बाट नगरपालिकाको वडा न १२ खोरिया क्षेत्र तथा वडा ९ ,१३, १४, १५ र १६ मा कार्यक्रम संचालन गर्ने ।

**(ग)** चालु आर्थिक वर्षमा कृषि तथा पशुंपन्छी विकास मन्त्रालयबाट दुध मिसन कार्यक्रमका लागि प्राप्त रकम बाट नगरपालिकाको वडा २ र १४ मा कार्यक्रम संचालन गर्ने ।

**(घ)** चालु आर्थिक वर्षमा कृषि तथा पशुंपन्छी विकास मन्त्रालयबाट मासु मिसन कार्यक्रमका लागि प्राप्त रकम बाट नगरपालिकाको वडा १५ र १६ मा कार्यक्रम संचालन गर्ने ।

**(ङ)** चालु आर्थिक वर्षमा पशु पन्छि विकास निर्देशनालय सुर्खेतबाट एक स्थानिय तह एक पशुपन्छि विकास प्रवर्द्धन कार्यक्रमका लागि प्राप्त बाट नगरपालिकाको वडा २,९,१३ र १४ मा कार्यक्रम संचालन गर्ने ।

**(च)** चालु आर्थिक वर्षमा कृषि तथा पशुंपन्छी विकास मन्त्रालयबाट पशुपन्छि बजार प्रवर्द्धनका लागि संकलन केन्द्र स्थापना कार्यक्रमका लागि प्राप्त रकम बाट नगरपालिकाको वडा ७ र ११ मा कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं. ११** वीरेन्द्रनगर नगरपालिका वडा नं. ९ स्थित हाल लाटिकोईली स्वास्थ्य चौकी रहेको स्थानमा नगर अस्पताल निर्माण गर्ने कार्यक्रम रहेको सन्दर्भमा उक्त स्थानमा रहेको भवन संरचनाको प्राविधिक मूल्यांकन अनुसार संरचना हटाई नगर अस्पताल भवन निर्माणको कार्य अघि बढाउने ।

**निर्णय नं. १२**

यस वीरेन्द्रनगर नगरपालिकामा अव्यवस्थित रुपमा सडक क्षेत्रमा दिन प्रति दिन बढ्दै गएका सामुदायिक पशु चौपायालाई व्यवस्थापन गरि सडक दुर्घटना न्यूनिकरण र शहरी सौन्दर्यताका तथा सामुदायिक पशुको सुरक्षाका लागि समेत यस नगरपालिका वडा नं. १० र ११ अन्तर्गतको भेरी नदि समैजिघाट नजिकको धार्मिक वनमा सामुदायिक पशु गौशाला निर्माण गर्नका लागि आवश्यक जग्गा उपलब्ध गराईदिनका लागि डिभिजन वन कार्यालय सुर्खेतलाई पत्राचार गर्ने निर्णय गरियो ।